## सूचना १०

श्री ५ को सरकारले जिल्ला कार्यालय बैतडीका प्र.जि.अ. श्री रामेश्वर देवकोटा हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री हरिप्रसाद दुलाललाई मिति २०४५।२।५ देखि का.मु. मुकरर गरेको छ ।

## सूचना ११

श्री ५ को सरकारले जिल्ला कार्यालय अर्घाखाँचीको प्र.जि.अ. पदमा सरुवा हुनुभएका श्री रेवतीराज काफ्ले हाजिर भै नसकेकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बाबुराम पौडेललाई मिति २०४५।२।१८ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
गङ्गाप्रसाद प्रधान
उपसचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४५।१।१७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको देहायका अधिकृतहरूको राजीनामा देहायको मितिदेखि लागू हुने गरी स्वीकृत गरेको छ।

| क.सं. | पद | नाम, थर | लागू हुने मिति |
|---|---|---|---|
| १. | उपसचिव स्तर | डा. मधुसूदन लोहनी | २०४४।१२।१८ |
| २. | उपसचिव स्तर | श्री सुवर्णमान तुलाधर | २०४४।१२।२६ |
| ३. | सहायक सचिव स्तर | श्री दिनेशप्रसाद पन्त | २०४४।१२।१७ |

९६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।